# रघुगंगा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## म्याग्दी
## २०७३

पत्र संख्याः- ०७७/७८

गण्डकी प्रदेश, नेपाल

च.नं.:- ६८६

मितिः २०७७/०८/११

श्री जिल्ला समन्वय समितिको कार्यालय, म्याग्दी ।

श्री जिल्ला प्रशासन कार्यालय, म्याग्दी ।

श्री मालपोत कार्यालय, म्याग्दी ।

श्री वडा कार्यालय सबै, रघुगंगा गाउँपालिका ।

श्री स्वास्थ्य चौकीहरु सबै, रघुगंगा गाउँपालिका ।

श्री रितुङ मावि, रघुगंगा गाउँपालिका वडा नं ८ ।

श्री सिद्ध सामुदायिक वन उपभोक्ता समिती, रघुगंगा गाउँपालिका वडा नं ५ ।

विषयः सुचना टाँस गरी जानकारी पठाइदिने सम्बन्धमा ।

प्रस्तुत विषयमा रघुगंगा गाउँपालिका भित्र पर्ने बेगखोला, कालिगण्डकी र रघुगंगा नदीहरुबाट दिगो र वातावरण मैत्री रुपले ढुङ्गा, गिटी तथा बालुवा उत्खनन् तथा संकलन गर्ने र यस गाउँपालिकाको वडा नं ५ मा पर्ने सिद्ध सामुदायिक वन क्षेत्रमा बहुउद्देश्यीय उच्च उचाई खेल मैदान निर्माण गर्ने कार्यका लागि प्रारम्भिक वातावरणीय परीक्षणका क्रममा रायसुझाव लिनका लागि प्रकाशन गरिएको सात दिने सुचना यसै पत्रसाथ संलग्न राखी पठाइएको छ । कार्यालयको सुचनापाटीमा टाँस गरी जानकारी पठाइदिनुहुन अनुरोध छ ।

अमृत सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

"स्वच्छ र सक्षम निजामती प्रशासनः समृद्धि र शुसासन"

वेवसाइटः raghugangamun.gov.np इमेलः raghugangagapa@gmail.com

# रघुगंगा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
मौवाफाँट, म्याग्दी
२०७३

पत्र संख्या:- ०७७/७८ गण्डकी प्रदेश, नेपाल

**नदीजन्य पदार्थ उत्खनन् तथा संकलन कार्य र बहुउद्देश्यीय उच्च उचाई खेल मैदान निर्माणको प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धीको सार्वजनिक सूचना**

प्रथम पटक प्रकाशित मिति २०७७।०८।११

**प्रस्तावकको नाम**: रघुगंगा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय , म्याग्दी जिल्ला, गण्डकी प्रदेश

**प्रस्तावको नाम**:

१. रघुगंगा गाउँपालिकामा अवस्थित बेगखोला र कालिगण्डकी नदीबाट दिगो र वातावरण मैत्री रुपले ढुङ्गा, गिट्टि तथा बालुवा उत्खनन् तथा संकलन् गर्ने ।

२. रघुगंगा गाउँपालिकामा अवस्थित रघुगंगा नदीबाट दिगो र वातावरण मैत्री रुपले ढुङ्गा, गिट्टि तथा बालुवा उत्खनन् तथा संकलन् गर्ने।

३. रघुगंगा गाउँपालिका वडा नं ५. टोड्केमा रहेको सिद्ध सामुदायिक वन क्षेत्रमा बहुउद्देश्यीय उच्च उचाई खेल मैदान निर्माण गर्ने ।

**विषय** :

१. बेगखोलाको बेगखोला बगर वडा नं १, कालिगण्डकी नदीको कालिओढार बगर -वडा नं १, रिठाबोट बगर र बैसेरी बगर – वडा नं २ तथा घोरेढुंगा बगर वडा नं ३ बाट नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टि तथा बालुवा) उत्खनन् तथा संकलन् गर्ने सम्बन्धमा सरोकारवालाबाट राय सुझाव लिने।

२ रघुगंगा नदीका बगरहरुमध्ये वडा नं ८ मा पर्ने दुवाडी बगर, बन्दि बगर, मारा बगर – १, २, ३ , पेनेबगर, मछाने बगर, पनला बगर , छरी बगर र चिद्डा बगर) , वडा नं ४ मा पर्ने खरवारी बगर र वडा नं ५ मा पर्ने लहरेनी बगरबाट नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टि तथा बालुवा) उत्खनन् तथा संकलन् गर्ने सम्बन्धमा सरोकारवालाबाट राय सुझाव लिने ।

३.रघुगंगा गाउँपालिका वडा नं ५. टोड्केमा रहेको सिद्ध सामुदायिक वन क्षेत्रमा बहुउद्देश्यीय उच्च उचाई खेल मैदान निर्माण गर्ने सम्बन्धमा सरोकारवालाबाट राय सुझाव लिने ।

यस गाउँपालिकाले माथि उल्लिखित प्रस्तावहरुको कार्यान्वयन गर्न लागेकोमा सो प्रस्ताव कार्यान्वयन गर्नु अघि उक्त प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण (Initial Environmental Examination– IEE) अध्ययन गर्ने सिलसिलामा प्रस्ताव कार्यान्वयन गर्दा प्रभावित हुने क्षेत्रहरुको भौतिक, जैविक, सामाजिक र सांस्कृतिक एवं आर्थिक प्रणाली, यिनका अवयवहरुको अन्तरक्रिया र अन्तरसम्बन्धमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न त्यस क्षेत्रका विद्यालय, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति एवं संघसंस्थाको लिखित रायसुझाव लिन वातावरण संरक्षण नियमावली, २०७७ को नियम ४ को उपनियम २ बमोजिम सुचना प्रकाशित गरिएकोले यो सुचना प्रकाशित भएको मितिले ७ दिनभित्र निम्न ठेगानामा आईपुग्ने गरी लिखित रायसुझाव उपलब्ध गराईदिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझाब पठाउने ठेगाना:** रघुगंगा गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, मौवाफाट , म्याग्दी ,नेपाल

इमेल: raghugangagapa@gmail.com

**प्रमुख प्रशासकीय अधिकृत**

अमृत सुवेदी
प्रमुख प्रशासकीय अधिकृत